# CIM FACT Newsletter




२०७८ वैशाख

अंक १

Chamber of Industries, Morang,
Address : Sahid Mrag, Biratnagar-2

Phone No. -021-515712
Email- cim.biratnagar@gmail.com

Prepared by: FACTS Research & Analytics

# सम्पादकीय

वर्तमान समयमा तिव्र गतिमा समुदायस्तरमा फैलिरहेको कोभिड १९ को दोश्रो भेरियेन्टको संक्रमणका कारण भईरहेको मानवीय क्षतिले आमसर्वसाधारण, उद्योगी/व्यवसायी लगायत सबैमा मनोवैज्ञानिक डरको भावना सिर्जना भएको छ भने अस्पतालहरुमा वेड र अक्सिजनको अभाव भई मानिसहरुमा थप भय र त्रास उत्पन्न भएको छ। यस चूनौतिपूर्ण समयमा उद्योगी/व्यवसायीहरुमा एकातिर आफु र परिवारलाई सुरक्षित राख्नु पर्ने छ भने अर्कातर्फ सर्बसाधारणलाई सर्वसुलभ तवरमा खाद्यान्न लगायतका अत्यावश्यक वस्तुहरु सहजरुपमा आपूर्ति गराउन उत्पादन कार्यलाई निरन्तरता दिनु पर्ने दायित्व समेत रहेको छ।

गतवर्ष देखि शुरु भएको विश्वव्यापी महामारीले सबैक्षेत्र र वर्गका मानिसमा नकारात्मक प्रभाव पारेको छ। महामारी नियन्त्रण एवं न्यूनिकरणका लागि जारी भएको स्वास्थ्यका प्रोटोकलहरुलाई पालना गर्दै श्रमिकहरुलाई संक्रमितहुनबाट वचाउँदै उत्पादनलाई निरन्तरता दिनु चूनौतिपूर्ण भएतापनि उद्योगी/व्यवसायीहरुले यस विषम परिस्थितीलाई आत्मसात गरी राज्यद्धारा निर्दिष्ट निर्देशनहरुलाई अक्षरस पालना गरी आफनो राज्य र समाजप्रतिको कर्तव्य निर्वाह गर्दै अत्यावश्यक वस्तुको आपूर्ति श्रृखला एवं व्यस्थापनमा सहयोग पुर्‍याउदै आएका छन। हरेक कालो वादलमा चाँदीको सेतो घेरा हुन्छ भने जस्तै यस जटिल अवस्थाको अन्त्य छिटै भई राज्य र नीजि क्षेत्रले हातेमालो गरी उद्योग/व्यवसायलाई पहिलाको जस्तो सामान्य अवस्थामा फर्काउने हामी आशावादी रहेका छौं।

विश्वव्यापी महामरीको यस विषय परिस्थतीमा उद्योग संगठन मोरङले सदस्य उद्योग/प्रतिष्ठानहरुलाई औद्योगिक व्यवसायीक क्षेत्रका सूचना, परिवर्तित नीति नियममा भएको व्यवस्था, उद्योग/व्यवसाय क्षेत्रको तथ्यांक, राष्ट्रिय आर्थिक एवं औद्योगिक क्षेत्रहरुको अवस्थाका साथै संगठनको गतिविधिहरु समेटी मासिक वुलेटिन प्रकाशन प्रारम्भ गरेको छ। मासिक वुलेटिनको माध्यमबाट उद्योगी/व्यवसायीहरुलाई वढी भन्दा वढी जानकारीमूलक सूचना सम्प्रेशण गरी पठनिय वनाउन यहाँहरु सबैको रचनात्मक सुझावको अपेक्षा सहित कोभिड १९ को महामारीबाट आफु पनि वचौ र अरुलाई वचाउन अपिल गर्दछौं।

## नवनिर्वाचित कार्यसमितिबाट पदभार ग्रहण



### २०७७ चैत्र १३ गते

उद्योग संगठन मोरङको ४८औं वार्षिक साधारणसभाबाट निर्वाचित कार्यसमितिको पदस्थापन सम्पन्न भयो । सम्माननीय प्रधानमन्त्री के.पि.शर्मा ओलीको भर्चुअल उपस्थितीमा भएको पदस्थापन कार्यक्रममा निवर्तमान अध्यक्ष भीम घिमिरेले नवनिर्वाचित अध्यक्ष सुयश प्याकुरेललाई पद हस्तान्तरण गर्नु भएको थियो । नवनिर्वाचित अध्यक्ष सुयश प्याकुरेलले आफनो नेतृत्वमा रहेको कार्यसमितिले स्वदेशी उत्पादनको प्रवर्द्धन गर्दै, यस क्षेत्रका उद्योग/व्यवसायहरुले भोग्दै आएका नीतिगत र प्रकृयागत समस्याहरु समाधानका लागि सम्वन्धित निकायमा वहस र पैरवी गर्दै लगानीमैत्री वातावरण तयार गर्ने वताउनु भयो । नवनिर्वाचित कार्यसमितिलाई सफल कार्यकाले शुभकामना दिंदै सम्माननीय प्रधानमन्त्री के.पि.शर्मा ओलीले लगानीका नया क्षेत्रहरुको पहिचान, वस्तु उत्पादनमा विविधिकरण गर्दै रोजगारीका थप अवसरहरु सिर्जना गर्न सरकारले नीजि क्षेत्रलाई सहयोग गर्ने वताउनु भयो ।

## उद्योग संगठन मोरङको नवनिर्वाचत कार्यसमिति

| सि.नं | नाम | पद |
|---|---|---|
| १ | श्री सुयश प्याकुरेल | अध्यक्ष |
| २ | श्री भीम घिमिरे | निवर्तमान अध्यक्ष |
| ३ | श्री प्रदीप मुरारका | वरिष्ठ उपाध्यक्ष |
| ४ | श्री राजकुमार गोल्छा | उपाध्यक्ष (वित्तिय क्षेत्र) |
| ५ | श्री नन्दकिशोर राठी | उपाध्यक्ष (कृषि, जलश्रोत/उर्जा) |
| ६ | श्री भोलेश्वर दुलाल | उपाध्यक्ष (रोजगारदाता) |
| ७ | श्री बिपिन कावरा | कोषाध्यक्ष |
| ८ | श्री सुवोध कोईराला | कार्यसमिति सदस्य |
| ९ | श्री सुरेन्द्र गोल्छा | कार्यसमिति सदस्य |
| १० | श्री तारानाथ निरौला | कार्यसमिति सदस्य |
| ११ | श्री ईन्द्र खत्रि (राजन) | कार्यसमिति सदस्य |
| १२ | श्री पारस लुनिया | कार्यसमिति सदस्य |
| १३ | श्री सुनिल कुमार धनावत | कार्यसमिति सदस्य |
| १४ | श्री शौरभ सारडा | कार्यसमिति सदस्य |
| १५ | श्री सुदिप घिमिरे | कार्यसमिति सदस्य |
| १६ | श्री संजय अग्रवाल | कार्यसमिति सदस्य |
| १७ | श्री प्रतिभा रिजाल ओली | कार्यसमिति सदस्य |
| १८ | श्री सुशिल रिजाल | कार्यसमिति सदस्य |

## मेरो देश, मेरै उत्पादन अभियान प्रारम्भ

### २०७७ चैत्र १३ गते

उद्योग संगठन मोरङ र मोरङ व्यापार संघले संयूक्त रुपमा तय गरेको राष्ट्रव्यापी मेरो देश, मेरै उत्पादनको अभियानलाई सम्माननीय प्रधानमन्त्री के.पि.शर्मा ओलीज्यूले भर्चुअल माध्यमबाट प्रारम्भ गर्नु भयो । वढ्दो व्यापार घाटालाई न्यूनिकरण गरी सन्तुलनमा ल्याउनका साथै स्वदेशी वस्तु उत्पादनमा विविधिकरण गरी उपभोग्य वस्तुहरुमा देशलाई आत्मनिर्भर वनाउदै रोजगारीका अवसरहरु सिर्जना गरी सम्मुनत राष्ट्र निर्माणमा सहयोग पुऱ्याउने उद्देश्यले प्रारम्भ गरिएको मरो देश, मेरै उत्पादन अभियानले स्वदेशी उत्पादनहरुको खपतलाई वृद्धि गर्दै आर्थिक एवं औद्योगिक रुपमा सवल र सक्षम राष्ट्र निर्माण गर्ने विश्वास संगठन र संघले लिएको छ ।



## विद्युत समस्या समाधानमा संगठनको पहल




### २०७७ चैत्र २७ गते

कटहरी करिडोरका उद्योग/व्यवासायहरुले निरन्तर भोग्दै आएको विद्युत समस्या समाधान तथा न्यूनिकरणका लागि संगठनको समन्वयमा नेपाल विद्युत प्राधिकरणका प्रतिनिधिहरुका साथ भएको छलफलमा संगठनका अध्यक्ष सुयश प्याकुरेलले विद्युत सप्लाईमा आउने समस्याले त्यस क्षेत्रका उद्योग/व्यवसायहरुको उत्पादन तथा वस्तुको गुणस्तरमा ह्रास आउनुका साथै कच्चा पदार्थ समेत खेर गएको अवस्थालाई मध्यनजर गरी विद्युतको गुणस्तर सुधार गर्न अनुरोध गर्नु भयो । छलफलमा प्राधिकरणले आगामी दिनमा सटडाउन लिदा ३ दिनको पूर्व सूचना दिई शनिवार सटडाउन लिने, उद्योगहरुले भोगेका समस्या पहिचान र समाधानकालागि प्राधिकरणका प्रतिनिधिहरुले त्यस क्षेत्रका उद्योगको भ्रमण गर्ने, प्राधिकरण आफनो सयन्त्रमा प्रभावकारी समन्वय गरी उद्य( ोगलाइ निरन्तर विद्युत सप्लाई गर्ने, प्राधिकरणको माथिल्लो निकायमा उद्योग संगठन मोरङले समन्वय गर्ने सहमति भएको संगठनको उर्जा हेर्ने उपाध्यक्ष नन्दकिशोर राठीले जानकारी दिनु भयो ।

## संगठनको कार्ययोजना कार्यान्वयनका लागि छलफल



**२०७७ चैत्र ३० गते**

उद्योग संगठन मोरङले आर्थिक एवं औद्योगिक क्षेत्रको विकासको माध्यमबाट राष्ट्रिय अर्थतन्त्रमा योगदान गर्दै आत्मनिर्भर अर्थतन्त्र निर्माणमा सहयोग पुऱ्याउने लक्ष्यका साथ अघि सारेको रणनीतिक कार्यक्रम कार्यान्वयनका लागि विशिष्ठ सल्लाहकारहरुका साथै विभिन्न सरोकारवाला पक्षहरुसंग छलफल गरेको थियो । विशिष्ठ सल्लाहकारहरुसंगको छलफलमा विद्यमान औद्योगिक व्यवसाय ऐन, आर्थिक ऐन लगायतका उद्योग/व्यवसायसंग प्रत्यक्ष सरोकार राख्ने सबै ऐन, नीति, नियमहरुको अध्ययन विश्लेषण गरी लगानीमैत्री र उद्योगमैत्री वनाउन संशोधन गर्नुपर्ने वा हटाउनु पर्ने नीति, ऐनहरुका बारेमा संगठनले सुझाव तयार गरी सो आधारमा वहस, पैरवी अघि वढाएको अध्यक्ष सुयश प्याकुरेलले जानकारी दिए । छलफलमा संगठनका बिशिष्ठ सल्लाहकारहरु रामेश्वर खनाल, पुरुषोत्तम ओझा र श्याम दाहालले संगठनले अघि सारेको भावी रणनीतिबाट मूलुकको समग्र आर्थिक विकासमा टेवा पुग्ने भन्दै कार्यक्रमको सरहाना गर्दै आफुहरुको तर्फबाट सहयोग रहने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

## राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्षका साथ छलफल

**मिति २०७८ वैशाख ०६ गते,**

उद्योग संगठन मोरङले उद्यमशिलता विकास तथा उत्पादकत्व अभिबृद्धिका लागी नविन इनोभेसन तथा स्टार्टअपको भूमिका, नवप्रवर्द्धनात्मक सोचहरुलाई व्यवसायीक उद्यमशिलतामा रुपान्तरण गर्ने उदेश्यले राष्ट्रिय आबिष्कार केन्द्रका अध्यक्ष महाबीर पुनका साथ छलफल गरेको संगठनका अध्यक्ष सुयश प्याकुरेलले वताउनु भयो । यस उद्देश्य पूर्तिका लागि संगठनले इनोभेशन एवं स्टार्ट अप समितिमा राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महाबीर पुनलाई प्रमुख सल्लाहकारका मनोनयन गरी राष्ट्रिय आविष्कार केन्द्रका साथ सहकार्य अघि वढाएको समितिका संयोजक सुरेन्द्र गोल्छाले वताए । राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष पुनले उद्योग संगठन मोरङले उद्योगमा नविन आविष्कारहरुको प्रयोगका साथै नया सोचहरुलाई व्यवसायीकातामा रुपमान्तरण गर्न शुरु गरेको यस अभियानमा राष्ट्रिय आविष्कार केन्द्र सहकार्य गर्न प्रतिवद्ध रहेको विश्वास दिलाउनु भयो ।




## असल श्रम सम्बन्ध विकासमा उद्योग संगठन मोरङको पहल




**मिति २०७८ वैशाख ०६ गते,**

उद्योग/व्यवसाय क्षेत्रमा कार्यरत श्रमिक र संचालक/व्यवस्थापक वीच सुमधुर श्रम सम्बन्ध विकास गर्दै उत्पादकत्व अभिवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले उद्योग संगठन मोरङको पहलमा यस क्षेत्रमा क्रियाशिल ट्रेड युनियनहरुको प्रदेश तथा जिल्ला समितिहरुका साथ श्रम सम्वन्धी समसायिक विषयमा छलफल गरेको छ । छलफलमा व्यवस्थापक र श्रमिक वीचको असल श्रम सम्वन्ध स्थापना गर्दै यस श्रेत्रलाई देशकै उदाहरणीय श्रममैत्री औद्योगिक कोरीडोरका रुपमा विकास गर्ने, उद्योग प्रतिष्ठानका श्रम समस्या समाधानका लागि ट्रेड युनियन र संचालक बीच आगामी दिनमा छलफलमा निरन्तरता दिई आपसी सहमतिका आधारमा समाधान गर्दै जाने संगठनका अध्यक्ष सुयश प्याकुरेलले वताए । संगठनका रोजगार हेर्ने उपाध्याक्ष भोलेश्वर दुलालले संगठनले यस क्षेत्रलाई लगानीमैत्री वनाउदै ट्रेड यूनियनले उठाएका कतिपय विषय केन्द्रीय तहवाट हल हुने भएकाले उक्त विषयलाई अविलम्व सम्वोधन गर्न केन्द्रिय तहमा पहल गरी स्थानिय समस्यालाई स्थानीय तहबाटै समाधान गर्ने वताए ।

## उद्योग संगठन मोरङमा सामाजिक सुरक्षा कोष एकाई सञ्चालनमा

**२०७८ वैशाख १९ गते**

योगदानमा आधारित सामाजिक सुरक्षा योजनाका सम्वन्धमा जानकारी एवं कोषमा सूचिकरण, दावी भुक्तानी लगायतका विषयमा सूचना एवं सेवाहरु प्राप्त गर्नका लागि श्रमिकहरुले काठमाण्डौं धाउनु पर्ने वाध्यतालाई मध्यनजर गरी उद्योग संगठन मोरङले सामाजिक सुरक्षा कोषको कार्यालय, काठमाण्डौंसंगको समन्वयमा उपत्यका वाहिर प्रथम पटक सामाजिक सुरक्षा कोषको सहजीकरण एकाई सञ्चलनमा ल्याएको छ । संगठनको सचिवालयमा रहेको एकाईले सामाजिक सुरक्षा योजनाहरु सम्वन्धि अभिमूखिकरण, उद्योग प्रतिष्ठान र श्रमिकहरुलाई सूचिकरण सम्वन्धि जानकारी उपलब्ध गराउनुका साथै रोगजारदाता र योगदानकर्ताहरुको सूचिकरणका लागि प्राविधिक सहयोग गर्दै सेवाग्राही र सामाजिक सुरक्षा कोष काठमाण्डौं वीच समन्वयकारी भूमिका निर्वाह गर्नेछ । त्यसैगरी दावी भुक्तानीका लागि आवश्यक कागजात र प्रकृयाको जानकारी, औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना, दुर्घटना तथा असक्तता सुरक्षा योजना, आश्रित परिवार सुरक्षा योजनाको दावीका लागि आवश्यक कागजातको प्रारम्भिक रुजु, वृद्ध अवस्था सुरक्षा योजना दावीका लागि प्रकृयाका साथै योजनाहरुको दावी भुक्तानीको अवस्था वारे एकाईले सहजीकरण गर्ने छ ।

# Recent Economic Developments



- Last four months of FY 2020: Output contracted by an estimated 1.9 % in FY20(Wholesale and retail trade, tourism, transport and associated services such as hotels and restaurants
- Mid-july 2020-Mid-jan 2021: Consumer price inflation to a three year low of 3.7 % y-o-y.
- First half of FY2021: Sharp contraction in imports(11.8 percent y-o-y), Decline in exports (36.6 percent), increase in remittance inflows(by 6.7 percent), Official foreign exchange reserves reached US$ 11.3 billion by mid-jan 2021 equivalent to 11.3 months of imports.
- First half of FY21: 19 % reduction in capital spending, tax revenues fell by 2.1 % y-o-y, public debt increased by 7.4 % to 36.1 % of projected FY21 GDP.

# Outlook after covid-19



Economic growth to recover gradually to **5.1 % by FY23.**



Public debt expected to reach **41.9 %** of GDP in FY21 and gradually to **51.3 % by FY23**



Current account deficit is projected to reach **3.2 % of GDP by FY22.**

# Economic Freedom Index 2021 (Nepal)

**50.7**
overall score



**157th**
Nepal's ranking


**35th**
Regional ranking
(Asia-pacific)




- **38.1** Property Rights
- **30** Financial Freedom
- **34.1** Judicial Effectiveness
- **10** Investment Freedom
- **33.8** Government Integrity
- **57.6** Trade Freedom
- **83.2** Tax Burden
- **71.6** Monetary Freedom
- **61.8** Fiscal Health
- **53.6** Labor Freedom
- **73.2** Government Spending
- **61.5** Business Freedom

Source: Economic Freedom Index 2021


# नेपालमा कम्पनी दर्ता सम्बन्धी तथ्याङ्क




# नेपालमा उद्योग दर्ता सम्बन्धी तथ्याङ्क




# नेपालमा नयाँ व्यापार दर्ता सम्बन्धी तथ्याङ्क (सन् २०१२ देखि २०१६ सम्म)




Source: Economic Survey 2019/20